| जनजाति | 59 | 5 | 64 | 26.7 | 79 | 32.9 | 59 | 56 | 115 | 34.3 | 135 | 37.4 | 179 | 31.1 | 214 | 35.6 | -4.5 |
| मधेसी | 35 | 2 | 37 | 15.4 | 48 | 20.0 | 36 | 33 | 69 | 20.6 | 80 | 22.2 | 106 | 18.4 | 128 | 21.3 | -2.9 |
| मुस्लिम | 4 | 1 | 5 | 2.1 | 7 | 2.9 | 6 | 3 | 9 | 2.7 | 10 | 2.8 | 14 | 2.4 | 17 | 2.8 | -0.4 |
| दलित | 2 | 0 | 2 | 0.8 | 7 | 2.9 | 17 | 21 | 38 | 11.3 | 42 | 11.6 | 40 | 7.0 | 49 | 8.2 | -1.2 |
| जम्मा | 230 | 10 | 240 | 100 | 240 (30) | 100 | 173 | 162 | 335 | 100 | 361 (167) | 100 | 575 (172) | 100 | 601 (197) | 100 | 0.0 (-12) |

स्रोतराष्ट्रिय निर्वाचन आयोगको तथ्याङ्बाट लिइएको :, 2008; 2013.

नोट कोष्ठ भित्र उल्लेख भएको संख्या संविधानसभा निर्वाचनमा विजयी महिला उमेदवारको हो । :

समानुपातिक प्रतिनिधित्वको संख्या निर्धारण गर्दा साधारणत कुल जनसंख्याको अनुपातलाई आधार मानिएको हो । यसरी हेर्दा सन् 2013 को निर्वाचित संख्या सन 2008को तुलनामा उल्लेखनिय परिवर्तन भएको देखिन्छ। पर्वते उच्च जातिको वर्चश्व पुन सन् 2013मा गएर कायमै भएको छ। सन् 2008मा 32.1 प्रतिशत उसको उपस्थिति थियो, त्यो सन 2013मा गएर 41.0हुन पुगेको छ। झण्डै 9 प्रतिशतले वृद्दि भएको छ। त्यसको अर्थ वहिस्करणमा परेका समुदायहरूले गुमाउनु पर्यो ।

त्यसमा सबै भन्दा धेरै जनजातिले 4.5 प्रतिशत गुमाउनु पर्यो । मधेसीले 2.9 प्रतिशत गुमायो भने, दलितले 1.2प्रतिशत, मुस्लिमले 0.4 प्रतिशत। महिलाले करिव 12 प्रतिशत गुमाउनु पर्यो सबै गरेर। महिलाको अवस्था सन् 2008मा पहिलो हुने निर्वाचनमा 30जना विजयी उमेदवार थिए, भने सन् 2013मा त्यो केवल 10 जना मात्र हुन पुग्यो। पहिलो हुने निर्वाचनमा महिलाले 2 तिहाई संख्या गुमायो ।

Vollan (2014)का अनुसार सन् 2008 मा 30 जना महिला, 7 जना दलित पहिलो निर्वाचित हुने पद्दतिबाट चुनिएका थिए, तर त्यो सन् 2013 मा 10 जना महिला, 2 जना दलित मात्र निर्वाचित भए । अपितु समानुपातिक निर्वाचनले समानुपातिकको जुन वैधानिक व्यवस्था छ, त्यो उल्लङघन गर्न मिल्दैन। 26जना सरकारले नियुक्त गर्नेमा 5 जना हिला, केही जनजाति र केही महत्वपूर्ण राष्ट्रिय जीवनमा उल्लेखनीय योगदान दिएका व्यक्तिहरू निर्वाचित हुने व्यवस्था छ, त्यसको प्रयोगवाट संविधान लेखनमा सहयोग पुर्याउने व्यक्तित्वहरू संविधानसभामा लग्नु आवश्यक हुन्छ । Vollan ले समानुपातिक निर्वाचन प्रणालीको महत्व विश्वमानै रहेको कसैले नकार्न नमिल्ने तर्क गर्दै लेख्छन कि यो पद्दतिमा "रैङकिङ् बेस्ड पिआर लिस्ट," कडाईका साथ लागु हुनु पर्छ चाहेको नतिजा हासिल गर्न। नेपालले सामना गरिरहेको मुल समस्या भनेको 'युनिक' (असाधारण) व्यवस्था छ 'अन-रैङ्क क्लोज्ड पि.आर. लिस्ट' जुन आफैमा लोकतान्त्रिक मुल्य मान्यतासँग बाझिने प्रथा हो। Vollan ले संविधानसभामा पार्टिहरूले प्राप्त गरेको मत आलोचनात्मक र योग्य मत नभएको विचार व्यक्त गरेका छन। समावेशीताको अन्तरिम संविधानमा भएको व्यवस्थाको कार्यन्वयनको प्रस्न यहाँनिर महत्वका साथ उठेको छ।

संविधानसभामा समावेशिताको विषयमा बन्नगैरहेको संविधामा लिइएका सूझावहरू वा निर्णयहरूले वहिस्करणमा परेका समुदायहरूर विश्वास गर्न ,अनुभुत गर्न ,दलित तथा महिलाले उनीहरूको मुद्दाहरू सम्बोधन हुने देख्न ,मधेसी ,जनजाति : ,सक्नु पर्यो कि विगत देखि अहिलेसम्म भैरहेको द्वन्द्व शान्तिपुर्ण समाधानको मार्गमा रुपान्तरण भै रहेछ। जनजाति दलित तथा महिला समु ,मधेसीदाय व्यग्र चाहाना गरिरहेछन कि उनीहरूका मामलाहरू समावेस भै रहेछअपेक्षा भन्दा पनि , :। दलित समुदायकी एक पूर्व लडाकु महिला जानकारको विचार हेरौं

> *म जनमुक्ति सेनाका रुपमा काम गरेँ युद्दका बखत। मलाई नेपाली सेनामा संयोजन गरिएन र के कारणले भने पार्टीले मलाई संविधानसभा सदस्यमा नियुक्त गर्नेछ। तर अन्तिममा मेरो नाम लिष्टबाट हटाइयो। किनम एउटा ? दलित समुदायकी थिएँ र उच्चस्तरीय नेतासम्म मेरो पहुँच थिएन। जनयुद्दमा र पार्टीमा मैले पुर्याएको मेरो यो मेरो दुखद परिस्थिति हो। हामी सबै ,योगदानको नजर अन्दाज गरेको मैले महशुस गरेँ खाले भेदभाव विरुद्द लडेका थियौँनिश्चयनै माओवादी जनयुद्दका केही प्रष्ट ...त्यो त गलत थिएछ। ,तर अहिले आएर स्पष्ट भै रहेछु , र धर्मनिरपेक्षता सहित गणतन्त्रको ,उपलब्धिहरू नभएका होइनन् । जस्तो हिन्दु राजा र अधिराज्य समाप्त भयो स्थापना भयो । तर विस्तारै चिजहरूउहि पुरानै अवस्थामा फर्किरहेको देख्दा र पुरानो सक्तिले बिस्तारै टाउको उठाको देख्दा त्यस्तो ;10 वर्ष सम्म विध्वङ्स जनयुद्द सेलाउँदै गएको देख्दा बिना उपलब्धि सुन्य हुने होइन भन्ने लागिरहेछ*('छ' उत्तरदाता) ।

# 4 राज्यपुनरनिर्माण र जनयुद्द पछिको शासन

## 4.1 नेकपा (माओवादी) शक्तिकोलागि संघर्ष गर्ने र शक्ति लिने

माओवादी अचानक शक्तिमा आयो" ,र त्यसरीनै गयो पनि । एउटा चर्चित कहावत छ ,जुन जोगी आएनी कानै चिरेको "; त्यसको परिस्कृत अर्को कहावत आयो" ,अरु जोगिकोत चिरिएको भए पनि कान थियोप्रायजसो "तर यस्को त कानै छैन । , मानिसले आफ्नो असन्तुष्टी जहाँ पनि व्यक्त गरिरहेको हुन्छत्यसरीनै ट्याकसीमा यात्रुहरू व्यक्त गरिरहेको असन्तुष्टी वा , आक्रोस सुनेर ट्याक्सी चालकले यसो भने भनेर पछिल्लो परिस्कृत कहावत भन्ने गरिन्छ। जनमानसमा कहावतहरू त्यतिकै बन्दैनन । तिनले समाजमा घटीरहेको घटना र तिनको प्रवृतिको प्रतिनिधित्व गर्ने गर्दछन । जसरी जनताले माओवादीलाई

विश्वासको मत दिएत्यहि मुताविक जनताको संविधान ल्याउनुमा माओवादीले संविधान निर्माणको समयसिमामा भित्र , बरु भन्न थाल्यो कि दुईत ,खेल्नु पर्ने भूमिका खेल्न सकेन। बरु माओवादीले विश्वास गुमाउँदै गयोिहाई मत जनताले उस्लाई नदिएको कारण संविधान बनाउन सकेन । प्रतिपक्षहरूले पनि भन्न थाले कि माओवादीले एक्लो आफ्नो कुरो संविधानमा राख्ने होइनउस्ले पनि अरुहरुसंग सम्झौता गरेरनै जानु पर्ने हुन्छ। अपितु परिवर्तनकारी शक्तिलेत , यथास्थितिवादी शक्तिहरूलाई परिवर्तनको पक्षमा तान्ने हो। नमाने हान्ने हो। तान्ने र हान्ने भनेको क्रान्तिकारी शक्तिले जनताको पक्षमा संविधान बनाउने एजेण्डा निर्माण गरिसके पछि उनीहरू जानै पर्ने वातानरण बनाउनु र त्यहाँ यथास्थितिवादि जान करै लाग्छ। त्यो क्रान्ति हो। तर त्यो दिशामा माओवादीले वातावरण बनाउनुमा भन्दा बरू उ सशस्त्र जनयुद्दको मार्गवाट आएको कारण उसलाई घाटा नहुने गरी प्रतिपक्षहरूले सहज वातावरण बनाइदिनु पर्छ । उक्त आग्रहका साथ अलमलियो। ,

माओवादी निकट एकजना जानकारको कुरो सुनौं:

> *हामीले पुरानो संरचनालाई ध्वस्त पार्न प्रयत्न गर्यौतर विना योजना ,को लडाँई लडेछौं। त्यसकारण हामी अहिले कहाँ छौंअक्कनवक्क भएका छौं। कहीं छैनौं कि भन्ने भएको छ। मानिसहरूले एक दशक लामो सशस्त्र संघर्षमा , लागे एउटा स्पष्ट उद्देश्यका साथ । उनीहरूले भ्रष्टचार मुक्त शासनको चाहाना गरेका थिए। न्यायपूर्न सामाजिक समानताको चाहाना गरेका थिएविशेष गरि उपेक्षित वर्गको उत्थानकोको लागि गरिवी विरुद्द सही नीति र , कार्यक्रमको चाहाना राखेका थिए। तर नेताहरु एउटा एब्सट्राक्ट आनिवानी देखाएर मुद्दाहरूसंग विषयगत विचार दिँदैछन जहाँ जनताले आफूलाई पाउँदैनन् । कुनै पनि कुरो स्पष्ट छैन। माओवादी जनयुद्दको सम्पुर्ण प्रयत्न आज डिस्मीस भएको छ*('ख' उत्तरदाता) ।

## 4.2 कर्मचारी तन्त्रमा प्रतिनिधित्व?वढी समावेशी राज्य :

प्रतिनिधित्वमूलक कर्मचारीतन्त्र भन्ने पदावली सर्वप्रथम Donald Kingsley ले सन् 1944 मा प्रयोग गरे। त्यहाँ देखि कर्मचारीतन्त्रको संयोजनको कुरो हुन थाल्यो । कुन हद सम्म यसले विविधतापूर्ण समाजको अङ्गहरूको प्रतिनिधित्व गर्छ भनेर सरोकार व्यक्त हुन थाल्यो (हेर्नुस Jamil &Dangal, 2009)। यस्को अवधारणा भनेको प्रतिनिधिमुलक कर्मचारीतन्त्रले विविधतापूर्ण समाज प्रति निकट रही जवाफदेही निर्णहरू लिन सक्छ भन्ने हो जस्का कारण नागरिक र सेवाग्राहीहरु विच झनै नजदिकको सम्बन्ध स्थापना गर्छ भन्ने हो। र कर्मचारीतन्त्र भनेको स्थायी सरकार हो, त्यसकारण प्रतिनिधिमुलक कर्मचारीतन्त्रले वितरण गर्ने सेवा सुविधामा लोकतान्त्रिक पद्दतिमा धैरै कम जोखिम हुन्छ जति एकात्मक र एउटा वर्ग सापेक्ष कर्मचारीतन्त्रमा रहन्छ भन्ने हो । लोकतन्त्र कार्यन्वयन हुन यसले आफ्नो खुट्टामा भर पर्नु पर्ने हुन्छ, र सारमा त्यो भनेकोनै कर्मचारीतन्त्र हो।

Awasthi et al. (2012) को के तर्क छ भने, "नेपाल एकीकरण देखिनै एकात्मक राज्य भएकाले कर्मचारीतन्त्र एउटा शासक परिवार वा उनी निकट मानिसहरू अधिनस्त रह्यो, जस्का कारण नियुक्ति, पदोन्नति, सबै कुरोको मुख्य मुख्य स्थानमा उनीहरूको हात रह्यो। यो प्रवृति सन् 1950मा प्रजातन्त्रको उदय होउन्जेल सरकारी सेवामा कायमै रह्यो।" निजामति सेवा ऐनले जनजातिलो लागि 12.5प्रतिशत, महिलालाई 14.4%, मधेसीलाई 9.9%, दलितलाई 4.05% नद पछाडी पारिएको क्षेत्रलाई 1.4% छुट्याएको छ। प्रहरी र सशस्त्र प्रहरीमा जनजातिलाई 14.4%, मधेसीलाई 12.6%, माहिलालाई 9.0%, दलित 6.7% र पछाडी पारिएकालाई 2.25% व्यवस्था गरिएको छ, जुन सामाजिक जनसंख्याको अनुपातमा छैन । जति पनि समावेसी भनेर व्यवस्था गरेको पनि सही कार्यान्वयनको अभाव देखिन्छ।

तालिका 2 वहालवाल अधिकृत स्तरका कर्मचारी तन्त्र प्रतिशतमा सन् :2006र 2012को तुननात्मक अध्ययन स)्वास्थ्य सेवा संलग्न छैन(

| क्र.सं. | वृहत समुह | श्रेणी | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | विशिष्ट | प्रथम | | | विशिष्ट | प्रथम |
| 2006 | **जनजाति** | 21.0 | 17.9 | 2006 | **जनजाति** | 21.0 | 17.9 |
| | जनजातिहरु | 2.6 | 0.8 | | जनजातिहरु | 2.6 | 0.8 |
| | नेवार जनजाति | 18.4 | 17.1 | | नेवार जनजाति | 18.4 | 17.1 |
| | **मधेसी** | 0.0 | 7.6 | | **मधेसी** | 0.0 | 7.6 |
| | **दलित** | 0.0 | 0.8 | | **दलित** | 0.0 | 0.8 |
| | **अन्य** | 78.9 | 73.8 | | **अन्य** | 78.9 | 73.8 |
| | जम्मा | 100.0 | 100.0 | | जम्मा | 100.0 | 100.0 |
| | | 38 | 397 | | | 38 | 397 |
| 2012 | **जनजाति** | 5.6 | 14.6 | 2012 | **जनजाति** | 5.6 | 14.6 |
| | जनजाति | 5.6 | 3.3 | | जनजाति | 5.6 | 3.3 |
| | नेवार जनजाति | 0.0 | 11.3 | | नेवारजनजाति | 0.0 | 11.3 |
| | **मधेसी** | 3.7 | 9.6 | | **मधेसी** | 3.7 | 9.6 |
| | मुस्लिम | 0.0 | 0.2 | | मुस्लिम | 0.0 | 0.2 |
| | **दलित** | 0.0 | 0.2 | | **दलित** | 0.0 | 0.2 |
| | **अन्य** | 90.7 | 75.4 | | **अन्य** | 90.7 | 75.4 |
| | | 100.0 | 100.0 | | | 100.0 | 100.0 |
| | | 54 | 513 | | | 54 | 513 |

स्रोत :Awasthi, Ganga D. et al., 2012 वाट साभार

कर्मचारी तन्त्रमा 6 वर्ष अघिको र अहिलेको तुलनात्मक रुपमा हेर्नेहो भने सकारात्मक देखिन्न (तालिका 2)। जुन वर्गको उपस्थिति अत्यधिक थियो, त्यही वर्गको अवस्थामा बढोत्तरी छ। जस्तो पर्वते हिन्दु उच्च जात समुहको सन् 2006मा 71.7 प्रतिशत उपस्थिति थियो भने त्यो अहिले आएर 78.6 प्रतिशत हुन पुग्यो। भने पछि जनजाति, मधेसी, दलित, वा पछाडी पारिएका समुदायको अवस्थामा पहिले भन्दा खस्कँदो स्थिती सृजना नभै  वर्चश्वसाली वर्गको बढोत्तरी हुने कुरै भएन। त्यसकारण समावेसीताको नकारात्मक प्रभाव देख्न सकिन्छ।

Limbu (2007)ले ईलाम जिल्लाको कर्मचारी तन्त्रको वारेमा गरेको एक अध्ययन हेर्ने हो भने के प्रष्ट हुन्छ भने कर्मचारितन्त्र समुदायको सामाजिक संयोजन भन्दा विल्कुलै भिन्न अवस्था देख्न सकिन्छ। उनको अनुसार सामाजिक जनसाँख्यिक अनुपात कर्मचारीतन्त्रले पटक्कै देखाउँदैन। जनजातिको संख्या करिव दुईतिहाई छ उच्चजातको संख्या हिन्दु , करिव30प्रतिशत छ दलित ,5प्रतिशतको हाराहारिमा छ भने मधेसी 1 प्रतिशत । तर 50प्रतिशत भन्दा अधिक सेवाप्रदायी संगठनहरू उच्चजातका कर्मचारीहरूको नियन्त्रणमा छन। करिव 29प्रतिशत संगठहनरू 2 तिहाई भन्दा अधिक आवादी भएको जनजातिको नियन्त्रणमा छन। यो संख्यात्मक संयोजन भन्दा पनि डरलाग्दो स्थिति त कर्मचारितन्त्रमा को हावी छ। थोरै भएपनि जनजातिहरू हाकिम होलानकतै हामीले ?तर उनीहरुलाई के लाग्छ उनीहरूले नेतृत्व प्रदानगरिरहेको संगठनमा , सुविधाबाट कतै वञ्चितत हुन्नौं भन्ने ,सेवा ,पहाडे उच्चजातको कर्मचारितन्त्रलाई असन्तुष्ट पार्यौं भने हाम्रो पदन्नोति निश्चयनै उनिहरू भौत्तिकरुपमा त ?लागिरहेको त छैन्यहाँ छनकि उनिहरुको ,तर सँधै उनीहरूमा एक प्रकारको त्रास छ ,

चाहाना वा ,वा मधेसीको संस्कृति ,दलित ,कि अल्पसंख्यक जनजाति ,क्रियाकलापले हाकिम असन्तुष्ट भै रहेको हुन सक्छ आकाङ्छालाई सम्बोधन गर्दा। यो फेभोरिटिज्म नभै उनीहरुको दैनिक कार्यनै हो ।

## 4.3 वास्तविक नेपाली सेना?

सन् 2006 मा पुनरस्थापित संसदको 9 वुँदे घोषणा पत्रको 3.6 उपधारारामा भनिएको छ कि नेपाली सेनाको चरित्र समावेशी र राष्ट्रिय चरित्रको हुनेछ। घोषणापत्रले 2 वटा तर्कहरू पेशगरेको छ: पहिलो, यो लडाकु वर्ग क्षेत्रीको विशिष्ट संगठन हो, जस्तो हिन्दु मुल्य र मान्यतानुसार राज्यको व्याख्या गरिन्छ र क्षेत्रीले देशको रक्षा गर्छ भन्ने मान्यतामा, क्षेत्री जातको भर्ना जहिले पनि प्राथमिकतामा पर्थ्यो । दोस्रो, घोषनापत्रमा त्यसकारण कुनै जात विशेष लडाकु हुने र अरु नहुने मान्यताको संगठन बनाउने कुरोको विरोध गरिएको थियो ।

अपितु नेपाली सेनाले समावेशी चरित्य आफ्नो पहिलेनै देखि रहेको जिकिर गर्दै नेपाली सेनाको अवस्थालाई प्रतिरक्षा गर्यो, घोषणापत्रको भावना विरुद्द। उसको भनाई थियो कि जसरी गुर्खा सेनामा कुनै निश्चित जाति, जनजातिका व्यक्तिलाई मात्र भर्ना लिईन्छ, नेपाली सेनाको अवस्था त्यस्थो होइन । उसको दावि छ, जुन बेला नेपाल राज्यको समावेसी कुनै नितिनै थिएन, सेनाको त्यो निति थियो। जस्तो मगर, गुरुङ, तामाङ, किराती\ गुरुङ, र मधेसी समुदायलाई समावेसी निति अन्तरगत भर्ना गरिन्थ्यो। कुल स्ट्रेन्थको करिव 4.4प्रतिशत, 5 वटलाईन समावेशी उद्देशयले भर्ना गरिन्छ। यो आफैमा हास्यासपद कुरो हो कि 4 प्रतिशत कसरी समावेशी सिद्दान्तअनुरुप भयो भनेर ।

अझ रमाईलो कुरो सेनाको के रहेको छ भने सेना भनेको स्वेच्छिक र प्रतिस्पर्धात्मक पेशा हो । जनसाङ्ख्यिक समानुपात भनेर सही गरेर पछि गएर कुनै जाति वा जनजातिले आफु सेनामा भर्तिहुन चाहाना छैन भनेर भन्न पाउने कि नपाउने? त्यसकारण 4 प्रतिशत चाँही माथि उल्लेखित समयदायको लागिनै भनेर समावेसी कोटा छुट्याएको हो, वाँकीको हकमा खुला प्रतिस्पर्धामा सबै जात, जाति, जनजाति, धर्म, वा सम्प्रदाय भर्नाको लागि भिड्न पाउँछ।

कुल सिपाही 91 हजार भएका मध्ये करिव करिव 43.6 प्रतिशत क्षेत्री जातको रहिको छ, जवकी उसको जनसंख्या केवल 15\16प्रतिशत नाँघ्दैन। त्यसपछि बाहुन (8.4%), मगर (7.0%), नेवार (6.6%), तामाङ (6.0%), थारु\चाउधरी\ राजवंशी (4.8%), आदि रहेको छ। वृहत समुहमा हेर्ने हो भने पर्वते हिन्दु उच्च जातमा करिव 58प्रतिशत उपस्थिति छ, भने दोस्रोमा जनजाति (34.4%), दलित (6.1%), र मधेसी (1.1%) छ। यसरी हेर्दा मधेसीको उपस्थिति राष्ट्रिय सुरक्षा जस्तो सम्वेदनशील स्थानमा केवल १ प्रतिशत उपस्थिति न्यायोचित देखिएन ।

Awasthi, Ganga D. et al., (2012) को अध्ययनले जनपद प्रहरीमा सेना, र सशस्त्र भन्दा समानुपातिक देखिन्छ। सम्भवत जनपद चाँही प्रत्यक्ष जनतासंग काम गर्नु भएको कारण पनि त्यो तुलनात्मकरुपमा राम्रो भएको हो कि!

तालिका 3 सुरक्षा बलमा सन् :2009र 2012अवस्था

| सुरक्षा बलहरू | 2009 | | | | | 2012* | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जनजाति | मधेसी | दलित | अन्य | टोटल | जनजाति | मधेसी | दलित | अन्य | कुल |
| नेपाल आर्मी | 27047 (29.9) | 5446 (6.1) | 5422 (6.0) | 52483 (58.0) | 90,398 | 29,221 (32.2) | 5,433 (6.0) | 6,115 (6.7) | 50,038 (55.1) | 90,807 |
| सशस्त्र प्रहरी वल | NA | NA | NA | NA | | 9, 000 (30.3 ) | 400 (1.3) | 955 (3.2) | 19,370 (65.2) | 29,725 |
| नेपाल प्रहरी | NA | NA | NA | NA | | 16542 (29.3) | 10516 (18.5) | 4381 (7.7) | 25,224 (44.5) | 56,663 |

स्रोत :Awasthi, Ganga D. et al., 2012 बाट साभार

सन् 2009र सन् 2012तिन वर्षको अवधीमा त्यत्रो अन्तर हुन नसक्ने भएकोले तुलनात्मक अध्ययनको औचित्यनै उठन पनि सक्छ। तर सुधारको केही संकेत भने अवश्यनै दिनु पर्ने हो तिन वर्षको अन्तरालमा। प्रहरी जनपदको तथ्याङ्क उपलब्ध नहुनु र सशस्त्र  मात्र हेर्दा वर्चश्वशाली वर्ग वा जातको सबै भन्दा धेरै 65प्रतिशत रहेको छ, भने जनपदमा 44.5 प्रतिशत मात्र देखिनु र सेना 55.1 प्रतिशत अघिल्लो 2009को तुलनामा करिव 3 प्रतिशतले कमी देखिएको बाहेक कुनै तात्विक अन्तर समावेशी राज्यको नीति पश्चातपछी पनि नदेखिनु सन्तोशप्रद छैन।

Adhikari (2013)को तर्क के रहेको छ, भने नेपालको सेनामा महिलाको सहभागिता धैरै अघिदेखि अपेक्षित कुरो हो। सेनामा महिला सहभागिता जरुरी छ वा छैन भन्ने विषयमा अवधारणागत देखि नीतिगत स्तर सम्म बहसको विषय भएता पनि यो मामलामा कसैले हात हालेको देखिन्न । महिला आफैले पनि यो विषयको राष्ट्रिय महत्व छ भनेर, वा महिलाको सेनामा सहभागि गराएर तिनको पनि मुलधारीकरण गर्नु पर्छ भनेर बहस चलाको देखिन्न।

तालिका ४नेपाली सेना तथा सामाजिक मर्यादमा महिला :

| जात तथा समुदाय | दुईतारे भन्दा माथि | पहिलो श्रेणी | दोस्रो श्रेणी | तेस्रो श्रेणी | जेसिओ | एनसिओ | एनसिई (अन्य) | कुल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Brigrad. Gen. | Col-Brig. Gen. | Maj-Lt Col. | 2nd Lt-Col | Jamd-Subda | Lance Naik, Corp and Sergt. | Siphai-Followers | No. | % |
| **पर्वते हिन्दु उच्च जात** | 0 | 3 | 27 | 136 | 63 | 479 | 30 | 738 | 72.6 |
| **जनजाति** | 0 | 1 | 15 | 47 | 22 | 178 | 15 | 278 | 27.4 |
| **जम्मा** | 0 | 4 | 42 | 183 | 85 | 657 | 45 | 1016 | 100 |

स्रोत :Adhikari, 2013 बाट साभार

महिलाहरू दशकौँ देखि सेनाको बर्दिमा छन। Adhikari का अनुसार महिलाको हैसियत ,उनीहरूले सम्पादन गरेका कामहरु , सैनिक संगठनमा खेलेको भूमिका र उनीहरूलाई संगठनले गरेको व्यवहार लैङ्गिक मामलामा र महिलाले सेनामा काम गर्नु खासगरी फौजी कार्यमा । तथ्याङ्कले के देखा ,पर्दैन भन्ने विषय अझै विवादित विषय रहेको छ पर्छ वाउँछ भने करिव 1000महिलाले विभिन्न क्षेमतामा सेनामा काम गरिरहेका छन् । जहाँ सम्म समावेशीताको कुरो छ मूख्य गरि दुई थरी महिलाहरूको उपस्थिति देख्न सकिन्छत र जनजाति समुदाय । अनुपातमा हेर्दा अघिल्लोको उपस्थी पर्वते हिन्दु उच्च जा : तिन चौथाई छ भने पछिल्लोको करिव एक चौथाईको हाराहारीमा। दलित मधेसी महिलाको उपस्थिति सुन्यनै देखिन्छ। ,

अन्तमा सेनाको कुरो गर्दा माओवादी लडाकुहरूको संयोजनको कुरो गर्नै पर्ने हुन्छ। करिव ,5000 देखि 10000सम्म लडाकुहरू हुन सक्ने अनुमानहरू द्वद्वकालमा भएको हो। तर जव राष्ट्रसंघ स्थायी नियोगको कार्यालयले 32000लडाकुहरू क्यान्टोनमा रहेको रेकर्ड निकाल्यो । त्यसरीनै 19600चाँही जनसेनानै भएको सुचना पुस्टी गर्यो )see ICG; August, 2011 ।(नेपाली सेनामा कति संख्याकसरी , समायोजन हुन सक्ला वा हुनेछन भनेर विभिन्न समयमा विचार दिने बोल्ने , :गरिएको भएता पनि अन्तत ,विश्लेषण गर्ने70 जना लेप्टेन पद सहित कुल 1462जना मात्र संयोजन भए । वाँकी कतिपयलाई कोही अयोग्यआफ्नो वाँकी जीवनको लागि वा'कोहीले राहत लिएर आ ,कोहीले स्वेच्छिक अवकास ,टो समाते।

# 5. बहश र निचोड

नेपाली राज्य निर्माण परियोजना हिन्दु धर्म र साँस्कृतिक मुल्य संगै राजा पृथ्वीनारायण शाहले सुद्द हिन्दुको राज्य निर्माण गर्ने मनसायले हिमालय क्षेत्रमा सुरु गरेका हुन। एसो गर्नुको कारण वास्तविक हिन्दुस्तान चाँही मुघल र युरोपीयनको छोइछिटोमा परेको वहाना रचियो । अपितु हिमालयन क्षेत्र युरोपियन एक्सप्लोररले भने जस्तो खालीभूभाग (*terra nullius*) नभै आदिवासी जनजातिहरू आदिकाल देखिनै वसोवास गर्दथे। त्यसको अर्थ आदिवासीय जनजाति समुदायहरू परम्परागत मानव संस्कृति र जनजीवन यापनको निरन्तरता उनीहरूको सार्वभौम जीवन पद्दति हो, तर मुघलको अतिक्रमणबाट जोगिन दक्षिणबाट वसाईसरी आएका हिन्दुहरू भने आदिवासीय जीवन पद्दतिमाथि चडाई गर्न चाहान्थे। उन्नाईसौं सताब्दिको मध्य तिर जारि गरिएको मुलुकी ऐन र त्यसका आधारमा चलाइएको शासनले आदिवासी जनजातीय जीवन पद्दतिमा ठुलो क्षेती गर्नाको साथै हिमालयको आड भरोसा स्वाधिन जीवन यापन गर्ने जनजाति समुदायलाई सिमान्तीकरण गर्ने काम भयो। यो दुई मानव साँस्कृतिक विचारहरूको निरन्तर घर्सणको उचित व्यवस्थापन नेपालको विद्दमान द्वन्द्वको चुरो हो। यही सन्दर्भमा Sharma (2003)को के भनाई छ भने:

> *नेवार जनजातिको स्वायत्ततालाई भने सम्मान गरियो उनीहरूकै साँस्कृतिक संगठन गुठी द्वारा व्यवस्थित गर्न दिइयो। एवम् प्रकारले धेरै जाति, जनजातिका परम्पराहरूलाई उचिततवरमा व्यवस्थित गर्न मुलुकी ऐनले मान्यता दियो। तर उनीहरूको स्वशासित स्वायत्तताको हकलाई भने रोकियो जहाँ संस्कार र संस्कृतिसँग ठक्कर खान्थ्यो, निरुत्साहित पारिन्थ्यो, गाई काट्न निषेध गरिन्थ्यो ।*

साडे एक सताब्दि पछि पनि, संविधानसभा आधुनिक लोकतान्त्रिक गणतान्त्रिक संविधान लेख्न बसिरहेको बेला एउटा बाछो काटेर खाएको निहुँ बनाई ललितपुर गोदामचौरका एक जोडी तामाङ ठिटाहरूलाई मार्ने धम्की दिँदै लखेटिरहेको दृष्य टेलिभिजनले प्रशारण गर्यो । उल्टै ति ठिटाहरूलाई हिरासतमा लिइयो, कारण उनीहरूले मासु खान एउटा वाछो काटेछन। अर्को तिर अन्तरिम संविधानले स्पष्ट शब्दमा लेखेको छ कि नेपाली राष्ट्र धर्म निरपेक्ष हो, राज्यको कुनै धर्म छैन ।

माओवादी सशस्त्र संघर्षको समयमा स्थानीय स्तरमा न्यायधिस समेत रहेका जानकारको विचार हेरौं:

> *(अन्तर्वार्ता लिने व्यक्तिलाई औंलाउँदै भन्छन्) हामी एउटै जात, थरका सदस्य होइनौं, त्यसकारण एक अर्कामा जुठो वार्दैनौं। तर जव तपाईको परिवार कुनै मरिमरौको घटनाले दु:ख पिडामा हुन्छ, म मेरो जात, थरको सन्दर्भमा पुरै बैण्डबाजा लाएर भोज लाउन सक्छु? सक्दिननी! त्यसैले हाम्रो एउटा लामो परम्परा छ कि एक अर्कालाई सम्मान*

*गर्छौं । त्यसरीनै एउटा लामो परम्परा हाम्रो आफ्नै छ, कि हामी (धेरै जनसंख्याले) गाईलाई राष्ट्रिय जनावरको रुपमा सम्मान गर्छौं। र हामी कसैले पनि गाई काट्न हुन्न भन्ने धारणा छ, कसैकसैले सिनु खाँदो हो। तर कम्तिमा गाई काटेर मासु खाने परम्परा, संस्कृति भने हाम्रो छैन। यो हिन्दुको मात्र मामला नभै यो राष्ट्रकै परम्परा भै सक्यो। त्यसकारण यसलाई दुध दिने जनावरको रुपमा लिउँ, आमा जस्तै; किनभने हामी सबैले दुध पिउँछौं, त्यसैले रक्षा गरौं एउटा राष्ट्रिय जनावरको रुपमा हिन्दु धार्मिक जनावर भन्दा* (उत्तरदाता 'ख')।

माओवादी सशस्त्र संघर्षको कालमा, लडाकुहरुले गाईको मासु व्यापकरुपमा खाए । उनीहरू गाई, गोरु, र अन्य जनावरहरु गाउँ, गाउँमा काट्थे जुनबेला उनीहरू भूमिगत वा खुल्लारुपमा बन्दुक बोकेर हिँड्थे। त्यो बेला यो कुनै हिन्दु धार्मिक नेता वा लडाकुको मामिला बनेन । बरु नेताहरू गाई काट्न र मासु खान अघी बड्थे र जनजातिलाई सुर्याउँथे हिन्दु राजतन्त्र र अधिराज्य विरुद्दको घृणा बढाउन । धेरै जसो जनजातिहरू हिन्दु होइनन् र राज्यले उनीहरूलाई गोरु, वाछाबाछी, र गाईकाट्न निषेध गरेको छ। ऐतिहासिकरुपमा उनीहरूलाई जेल हालिन्थ्यो र हालमा पनि हालिन्दै छ। त्यसकारण जनजातिहरूको सामुहिल सिकायत छ, हिन्दु राष्ट्र र राज्य प्रति। Basnet (2009) ले संकेत गरे जस्तै सामुहिक सिकायतलाई पुरानो राज्यसत्ताको विरुद्द प्रयोग गर्न यसरी माओवादी रणनीतिक तवरमा सफल बन्यो। अपितु माओवादी नयाँ राज्य निर्माण गर्न भने असफल रह्यो ।

सामुहिक पहिचान एउटा राष्ट्र र राष्ट्रियता कुनै नयाँ मुद्दा होइन, जसरी पहिचानका विपक्षमा रहेकाले चर्को विरोध गर्छन । बरु यो ऐतिहासिक रुपमा राष्ट्र-राज्य निर्माणको बेला छुटेको मामला हो, त्यसैले केही निश्चित समुहहरूले गम्भिरताका साथ उठाउँदै आएका छन। हुनत राजा पृथ्वीनारायण शाह आफैले पनि भनेका छनि कि उनी मगरातका, मगर आदिवासी जनजातिको ऐतिहासिक भूप्रादेशिक क्षेत्र, राजा हुन। त्यसकारण राष्ट्र र राष्ट्रियताहरू (जनजातिहरू) र हिन्दुहरुको अधिराज्य र हिन्दु धर्वावलम्बीको मुद्दा हाल सम्म नसुल्झिएको मामला हो।

जनजातिले पहिचानको मुद्दा अत्यन्त बलियो रुपमा लिएकाछन, जुन माओवादीले वर्गसंघर्षको एजेण्डामा उपयोगको साधनका लागि लियो, जुन आदिवासी जनजातिको सामुहिक सिकायत थियो, सामुहिक शक्तिका रुपमा रुपान्तरण गर्न प्रयत्न गर्यो । र यो मधेसीले बुझ्यो कि माओवादीले सामुहिक सिकायतको रुपमा माओवादीले लग्ने वाला छैन भन्ने कुरो । त्यसकारण मधेसीले माओवादी त्यागे । माओवादीको पूर्व समर्थक जानकारको विचार यस्तो छ:

*यदि कसैले मलाई पहिचान र रोटी कुन रोज्छौ भनेर सोधेमा म सर्वप्रथम पहिचान रोज्छु, किनकि मैले जन्मजात प्राप्त गरेको पहिचान विना एक सेकेण्ड पनि अश्तित्वमानै हुँदिन। बरु भोको पेट हप्तौं वाँच्न सक्छु, अस्तित्वमा रहन्छु। यदि म शुन्य अस्तित्वको व्यक्ति रहेछु भने के तपाई म संग भेट्न र कुरो गर्न आवश्यक सम्झनु हुन्छ होला? तपाईले मसँग भेट्ने कुरो नै आउन्न । तपाईलाई मसंग रोटी छ वा छैन तपाईको सरोकारनै रहन्न, जव म नै हुन्न । त्यसकारण प्रश्न के हो भने प्रथमत म अश्तित्वमा रहनु पर्यो, त्यसको निरन्तरतालागि अनि रोटी चाहिन्छ। भन्नुको अर्थ रोटी दोस्रो प्राथमिकताको विषय हो, भने पहिलो प्राथमिकताको विषय अश्तित्व र त्यसको लागि पहिचान नभै नहुने विषय हो* (उत्तरदाता 'ग')।

त्यसकारण पहिचानको जिकिर एउटा वृहत र व्यापक राज्य निर्माण गर्ने मामला हो। लोकतन्त्र बहुत चर्चामा आएको विषय सन् पचासको दशकमा, नब्बेको दशकमा आएको लोकतन्त्रको अन्तरवस्तुले यो बुझ्न, देख्न सकेन; उपेक्षित समुदायले कुनै नेतृत्व दिनै सकेन जो लोकतन्त्रको परिमिती भित्र पहिचानको व्यापक महत्व बुझ्नै सकेनन् । त्यसकारण यो बाहिरीखेर देखिने मुद्दाको रुपमा देखियो (Hutt, 1991), वा संविधान लेख्नको लागि सान्दार्भिक विषय ठानिएन। जे भए पनि विश्वको सर्वश्रेष्ठ भनिएको सन् **1991**को संविधान जारि भएको **5** वर्ष पनि थामेन। च्यातियो मात्र होइन, देशमा सशस्त्र युद्दनै भयो, जुन सामान्य मान्छेले नसोचेको र नब्यहोरेको विषय थियो । अर्का जानकारको कुरो:

*माओवादी जनयुद्द पुरै सिंगै युद्द होत्य ,र लैङ्गिक सबै समेटीएको ,वर्गीय ,क्षेत्रीय ,जनजाति :सैले सबै खाले मानिसहरू सहभागि भए । अपितुपरिणामको कुरो गर्दा अहिले भन्न र पुस्टि हुन गाह्रो भयो। किनभने , प्रतिक्रियावादी र पुरातनपन्थीहरूले सम्पूर्ण मुद्दाहरू र परिणामहरूलाई पश्चगमनतिर घिसार्न थाले। र प्रचण्ड आफै देखिने गरी स्पष्टताका स (माओवादीका अध्यक्ष)ाथ दह्रोगरी उभिन सकेनन् । यतिखेर उनी अत्यन्त*

*द्विविधाजनक नेताका रुपमा देखिन्छन। त्यसैले यतिबेला सहज तरिकाले भन्न सकिने अवस्था रहेन कि क्रान्तिका उपलब्धिहरू के हुन्*('ग' उत्तरदाता) ।

वास्तवमा भन्ने हो भने, दशक लामो सशस्त्र संघर्षको मुद्दा के थियो र के उपलब्धी हासिल गर्यो खुट्याउन गाह्रो देखिन्छ। कामरेड माओले चिनमा के गरेका थिए, र अघोरी साम्यवादीहरुले पनि एउटा सिक्ने अवसर मिल्यो नेपालको सन्दर्भमा । दुवै समय र सन्दर्भले माओवाद अप्रसाङगिक हुन पुग्यो। नेपालको भौगोलिक तथा भौत्तिक अवस्थिती पनि कठिन प्रकारको छ, र शामन्ति र पुँजिवादी पश्चिमी विचारधारमा कसरी श्रमिक बर्गले आफ्नो श्रमको अतिरिक्त मूल्यमा कसरी शोषित हुन्छ? उसलाई किन मजदुर किसानको अधिनायकत्वको जरूरी हुन्छ भन्ने विचार नेपाको सन्दर्भमा कसरी सान्दर्भिक हुन्छ भन्ने कुरो बुझ्न आवश्यक देखियो। अपितु, आर्थिक, सामाजिक, तथा साँस्कृतिक शोषण र विभेद मुक्त न्यायपूर्ण समाजको स्थापनाको चाहाना सर्वत्र खटकेको कुरो आजको अवस्था हो।

नेपाल मूख्यतया लडिरहेको वर्तमान अवस्था भनेको एकात्मक केन्द्रिकृत राज्य संरचनासंग हो। भौगोलिक रुपमा दक्षिणको समथर क्षेत्र वा तराई साँस्कृतिक रुपमा मधेस भनेर चिनिन्छ राजनीतिक निर्णय निरुपण गर्ने प्रक्रियाबाट छुट्यो । करिव **37.6** प्रतिशत आवादी भएको मधेस सन् **2011**को जनगणनामा **50.1** प्रतिशत पुग्यो। कारण हिमाल, पहाडको आवादी तिव्ररुपमा तल झर्यो, परिणाम मधेसको सामाजिक, आर्थिक, तथा साँस्कृतिक सँग, सँगै राजनीतिक लैण्डस्केप पनि दवावमा पर्नेनै भो ।

एकजना पर्वते जानकार मधेसको मुद्दामा यसो भन्छन:

*म आफू यहाँ चार दशक देखि रहँदै आएको हुँमानिसहरू छन। 'देशी' कहिले मधेसको बारेमा सुनिन। यहाँ , त्यसकारण उनीहरू देशी हुन। वास्तवमा मलाई थाहा छैन कहाँबाट र ,मानिसहरू देशमा छनकिन हो मधेसी सब्द तराईमा आयो। यो पूर्वनियोजित र विदेशीहरूले मच्चाएको मामला थियो। मधेस आन्दोलन एउटा आँधी जस्तै आयो र क्षेणभरमानै गयो पनि*('घ' उत्तरदाता) ।

यहाँ आसङ्काहरू छन खासगरी मधेसी माथि र जनजाति तथा पर्वते दलितहरू उपर पनि । मधेस शब्दनै उच्चारण हुन्थ्यो पहाड र हिमाली भेगमान पूर्व । यो एउट सामाजिक नाम हो। तर मधेसी पहिचान जव मधेसमा यो मधेस आन्दोलन हु , अनि भन्न थालियो ,र वृहत राज्यको एउटा प्रान्तका रुपमा कायम होस भनेर जिकिरहरू उठे ,गर्वका साथ स्विकार गरियो र त्यतिमात्र होइन पूर्वाग्रहहरु पनि आउ ?मधेस कहाँ छन थाले कि मधेसीहरू स्वार्थी र अमानवीय हुन। पहाडे तर मधेसमा बसोवास गर्ने एक अर्का जानकारको कुरो :

*तराईका मान्छेहरू खासगरि कोशी र गण्डकी विचकाकहिले शक्ति बाट विमुख रहेनन्। उनीहरू जहिले पनि , र माओवादीको पालामा ,एमालेको पालामा ,शक्तिमा रहे। काँग्रेसको पालामापनि । उनिहरुले सबै पार्टीहरूलाई दोहेका छन् । केही वर्ष अघिको घटना सम्झनु सक्नु हुन्छजव कोशी वाँध फुटेर तराईमा ठुलो वाडी पस्यो। , वाडीपिडितलाई दिएका सामाग्री कहाँ पाईन्छ !तराईकाहरूत ?वाडीपिडितहरूलाई सहयोग दिने कुरामा को अघी थिए लुट्न र कुम्ल्याउनमै व्यस्त रहे। तर जति पनि राहत वाँड्योपहाडेले गर्यो । मेरो मतलब पहिचान वा त्यो सबै , जातियता वास्तवमा अश्तित्वमा रहन्न। त्यसकारण पहिचानको आधारमा उठेको मुद्दाले जनतालाई फाईदा पुर्याउन* ('ख' उत्तरदाता) *सक्दैन*।

आपतको बेला राहत खोस्न पुग्नु सामान्य कुरो हुन सक्छ, र यस्तो अवस्था पहाडमा वा हिमालमा होस जो कोहीले पनि आपतकालिन राहत समाउन वा खोस्ने अवस्था रहन्न भन्ने छैन। र शोषणको जहाँसम्म कुरो छ, त्यो एकात्मक राज्यको उत्पिडनसंग सम्बन्धित विषय हो। पहाडे एकजना जानकारको विचारमा:

*त्यहाँ ६ गाविसहरू छन् नेपालगञ्जको दक्षिणी क्षेत्रमाजहाँ स्थानीय मानिसहरू राज्यको सम्पर्क भन्दा बाहिर छन , भन्दा फरक पर्दैन। सन्1990को प्रजातन्त्रको पुनरस्थापना पछि उनीहरू जागरुक भएका छन ,सिक्षित बनेका छन , जव पहाडे समुदायका मानिसहरूसंग सम्पर्कमा आए । विस्तारै उनीहरू सशक्तीकरण भए। पहाडे मानिसहरूको सम्पर्कमा आउन अगावै उनीहरू स्थानीय जमिन्दारहरूबाट यति सताईएका थिए कि जमिन्दारहरूको पहुँच कि*

*राणाहरूसँग हुन्थ्यो कि त अरु शामन्तहरूसँग हुन्थ्यो। कुनै प्रकारको विकास कार्यक्रममा उनीहरूको पहुँच थिएन* ('घ' उत्तरदाता)।

सुधारहरू देखिएका छन। पहाडे जनमानस र लोकतन्त्रको पुनरस्थापनाले ल्याएको परिवर्तनको परिणाम उनीहरूमा पनि परिवर्तन भयो ,र खास कुन कारणले त्यो परिवर्तन भै रहेकोछ विसद अध्ययनको जरुरत पर्छ। विना कुनै भरपर्दो अध्ययन , वा पहाडे जातिहरूनै त्यसको मूख्य कारण हो भनिहाल्न सकिन्न। ,लोकतन्त्रनै यसको मूख्य कारण

माओवादीहरू शान्ति पुनरस्थापनाको प्रक्रियामाआउँदा मधेसी मुद्दा अलि भिन्न प्रकारले आयो। जस्तो जनजातिको मुद्दा पनि आयो। दुवै मधेसी र जनजातिले आफ्नो आक्रोस बेग्ला बेग्लै देखाए- अन्तरिम संविधानको पानाहरू जलाउने काठमाण्डौमा । तर जनजातिलाई राज्यले छुट दियो। जनजातिको प्रदर्शनमा राज्य आतङ्कित बनेन। धरपकड गरेन। तर मधेसीमाथि गर्यो। करिव 3 दर्जन मधेसी पकड्यो मुलुकभर । परिणामत मधेस बल्न थाल्यो। त्यहाँ धेरै कारणहरू हुन सक्छ, तर पहाडे प्रतिको रोष मधेसीहरूले खासगरी पूर्वि तराईमा व्यक्त गरे। यसलाई त्यसताका तेस्रो जनआन्दोलन पनि नाम दिइएको थियो । मधेस आन्दोलन पछि उल्लेखनीय संख्यामा मधेसको प्रतिनिधित्व संविधानसभा भयो, तर दुर्भाग्य त्यो दिगो रहन सकेन। परिणामत धेरै हतियारधारी समुहहरूको जन्म भयो । मधेसी, जनजाति, दलित र महिला कहिले सन्तुष्ट हुन सकेनन् । तर पर्वते पुरुष, हिन्दु उच्चजातको नियन्त्रणमा रहेको मुलधारको राजनीतिलाई चुनौति दिन पनि सकेनन् बरु त्यसको पुच्छर मात्र भैरहे। विभिन्न नागरिक समाज, आ'आफ्नै समुदायको दवावमा आ'आफ्नै ककशहरू गठन गरे, त्यो शिर्ष नेताहरूलाई चुनौतिको विषय बन्यो । संविधान निर्माण गर्ने जस्तो महत्वपूर्ण विषयहरूमा समुदायगत सवालहरू जो दलको वैचारिक विषय भन्दा पनि समुदायगत पहिचानका मामलाहरू ककश मार्फत सुझावहरू ल्याउन सान्दार्भिक हुन्थ्यो । त्यो शिषर्थ नेताहरूलाई पाच्य नभए पछि दलहरुले संविधानसभानै विघटन गर्न पुगे।

संविधानसभाको विघटन पछिको 18 महिना कर्मचारितन्त्रको राज्यसरकार चल्यो। अन्तत संविधानसभाको आम \ ,निर्वाचन सम्पन्न भै दोस्रो पटक संविधानसभाको गठन भयो। तर परिणाम भने अनपेक्षित आयो। माओवादी लगाएर मधेसी मुद ,दोस्रो संविधानसभामा। समस्या ,सबै सिमान्तकृतहरूको अवस्था कमजोर बन्यो ,महिला ,जनजाति्दार एजेण्डा , भनेझैं संविधान नबन्ने छाँट देखिएको छ। 'विहानले दिनको छाँट देखाउँछ' जनमत अर्कोको भने पछि एउटाको तर निर्वाचन बहिस्कार समेत गर्यो। ,माओवादीको ठुलै हाँगो जो संसदीय राजनीतिमा विश्वास गर्दैन उसले पार्टीमात्र फुटाएन जनयुद्दबाट पलायन भएका17000 लडाकुहरू बाहिर छनमा माओवादिको ठुलो हाँगोले संविधानसभा पूर्णत यस्तो अवस्था , भन्ने अवस्था अनुत्तरितनै छ। शक्तिको लागि दावेदारहरूलाई झनै चुनौत्ति ?बहिस्कार गरेर गै सके पछि अव के हुन्छ थपीएको छ। यस्तो अवस्थामा उनीहरूले चलाखिपूर्ण तवरमा काम गर्नसकेनन् भने परिणाम उनीहरूको पक्षमा नजान सक्ने सम्भावना धेरै छ। सम्भावनाको कुरो हो तर हरेक सम्भावनालालाई हासिल गर्ने क्षेमता भने हुनै पर्छ। ,नकार्न सकिन्न ,

एक जना जानकारको विचारमा नेपालमा संविधान बन्छ वा बन्दैन; राजनीतिक समस्याको हल हुन्छ वा हुन्न भन्ने कुरो राजनीतिल दलका नेताहरूको कावुमा छ, वा छैन भन्ने नै निश्चित नभएको भन्दै विचार राख्छन:

*नारानकाजी श्रेष्ठनसभाको निर्वाचन लडोस भन्ने वा झलनाथ हरेक नेता मोहन वैध्यले संविधा ,माधवनेपाल , आफ्नो फेस सेभिङ्को लागि कार्यकारी ,तर उनी त्यतिकै छुटे । उसले केहि पनि भनेको थिएनन् ,चाहान्थे अधिकारीको व्यक्तिले सर्वोच्चको न्यायधिसबाट राजिनामा गरोस भन्ने थियो। सबै नेताहरू उनलाई संविधानसभा बाहिर राख्न चाहेका पनि थिएनन् । अपितु उनी छुटे । त्यसकारण मुनी हामीले नदेखि चलिरहेको समस्या कै छ हामी सबैले पता लाउनु जरुरी छ। अर्को कुरो भेरीफाई भएका 19000मध्य 1500जति समायोजन भए वाँकी , 17000 कता गएखरखजाना कसरी ,कसरी लड्ने ,उनीहरूलाई थाहा छ ,उनीहरु तालिम प्राप्त व्यक्तिहरू हुन ? सम्भवत हतियार कहाँ पाईन्छ भन्ने कुरो उनीहरूलाई थाहा छ। त्यसकारण हामी जोखिममा छौं। कहिले बनाउने र र कस्ले परिस्थिति पुन द्वन्द्वमा फसाउँछ भन्ने मात्र हो* ('ख' उत्तरदाता)।

नेपालमा हरेक हतियारबन्द द्वन्द्व समझौतामा टुङ्गिएको छ जनताको परिवर्तनको एजेण्डालाई छोडेर। नेपाली काँग्रेशले बहुदलीय प्रजातन्त्रको लागि राणाविरुद्द हतियार उठाएको भएपनि करिव ,6 दशकको अनुभव उसको के रह्यो भने समावेशी दिगो लोकतन्त्र स्थापना गर्न सकेन। ईतिहासमा माओवादीहरू पछिल्लो शक्तिका रुपमा देखा परे जस्ले नयाँ लोकतन्त्रको

कुरो ल्यायो । अन्तत उनीहरू पनि वहुदलीय लोकतन्त्रको पक्षमा ओर्लन लागे। विश्वविद्यालयका जानकार एक जना उपप्राध्यापकको विचार यस्तो छ:

> *यो दुर्भाग्यकै कुरो हो कि नेपालले लोकतन्त्र संस्थागत गर्न सकेन। सुरुकै दिन देखि । हरेक आन्दोलनमा नेपालले एउटा अर्थपूर्ण लोकतन्त्रकै लागि आन्दोलन गरेको थियोदलितको सवालहरू संस्थागत ,जनजाति ,न मधेसी , विकास गर्न सक्यो न महिलाको सवालमा संस्थागत विकास गर्न सक्यो । अव प्रश्न के उठ्ने गरेको छ भने कहिले अर्को आन्दोलन हुन्छ वास्तविक लोकतन्त्रको संस्थागत विकासको लागिजनताका हक अधिकार प्राप्तिको सवाल ?* ('क' रदाताउत्त) *अझै पर्खाइमा छ।*

दुवै राज्य र गैह्रराज्य पक्षले वृहत शान्ति सम्झौतामा हस्ताक्षर गरेकाले नेपालले ६ वर्ष बिताईसकेको छ कि शान्ति पुनरस्थापना र अर्थपूर्ण राजनीतिक समस्यासमाधानको लागि। मेरो मतलव समस्याको समाधान सबै पार्टीको लागि साझा ' भएको छैन। दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भै संविधानसभा गठन भयो।मूख्य हुने अवस्था सृजना 'बुझाइ दलहरूले एक वर्ष भित्र संविधान दिन्छौं भने ,तर वाचा गरेअनुसार संविधान दिन सकेननन। जनताहरू हेरीरहेका छन , न् आसङ्काको घेरामा छ । अपितु दलहरूले भनेको वाचा पुरा गर्न सकिरहेका छैनन। समयमा संविधान जारी गर्छन वा गर्दैन कस्ले सरकार गठन गर्ने विवाद मुख्य ह ,शक्तिमा को रहनेुने गर्छसंविधान त्यसको सहायक मात्र। माओवादीका पूर्व , ?वुद्दिजीवि भन्छन

> *वास्तवमा हाम्रोमा सर्वहारा वर्गनै रहेनछ, मात्र हामीमा एउटा राजनीतिक ठालु वर्ग रहेछ, जो सँधै सर्वहारा वर्गको कुरो गर्दो रहेछ, आफूले अवसर नपाउन्जेल । जव अवसर आउँछ, किसान, मजदुर वा सर्वहारा वर्गको कुरो छोड्छ* (उत्तरदाता 'ख')।

राजनीतिक विचारधाराले चलेको राजनीतिक शक्तिहरूमा सर्वहारा वर्ग र यसको मुक्तिको कुरो धेरै गरियो गएको ६ दशकमा । तर उनीहरूको मुक्तिको नाममा मुट्ठीभर मान्छेमात्र लाभान्वित भए हरेक पटक हुने परिवर्तनहरूमा। अपितु, हरेक आन्दोलनलाई हरेक समुदायले आ'आफ्नै दृष्टिकोणमा हेरेछन्, लिएछन् र ठुलो धार बन्ने रहेछ। उदाहरणको लागि मधेसी, जनजाति, दलित र महिला सबै एउटा सुन्दर भविश्यको सपना देख्छन, र हरेक आन्दोलनमा सरिक हुन्छन; तर मुख्य परिवर्तन हरेक पल्ट हुँदा उनीहरूको क्षेमता भन्दा पर हुने गर्छ। पद्दतिमा उनीहरूको मुद्दाहरू समेटिन्नन् ।

माओवादीका पूर्व वुद्दिजीवि भन्छन?

> *जव कम्युनिष्ट पार्टि गठन भयो, कामरेड पुस्पलाल को नेतृत्वमा सन 50 को दसक तिर, त्यहाँ देखिनै यस्तै भै रहेको छ। र उही मार्ग युवा कम्युनिष्टहरूले पक्ष्याए झापा आन्दोलनमा। अस्सिको दशकमा स्थापना भएको नेकपा (माले)ले जस्को नेतृत्व सिपि मैनालीले गरेका थिए । उनी आफै जमिन्दारका पुत्र थिए, जो चारुमजमदार, भारतीय नक्सलपन्थी बाट प्रभावित थिए। धर्म प्रसाध उपाध्यायको टाउको काटी राजनीति थालेका हुन। अन्तमा नेकपा (माले)ले केही गर्न सकेन सर्वहारा वर्गको लागि, न गरिव किसानहरूको पक्षमा उसको कुनै सदासयतानै रह्यो । र यो प्रवृति निरन्तर रहेको छ, माओवादीको कालमा पनि* (उत्तरदाता 'ख')।

सबै प्रयासहरू ठालु बर्गकै हितको लागि तर फेरि किन उपेक्षित जातिदलित वा महिला लाग्छन तिनको ,मधेसी ,जनजाति , राजनीतिक दाउपेचमा ?

> *धर्मनिरपेक्षताको सम्बन्धमा कुरा गर्दाआजकै अवस्थामा केही फरक देख्दिन । गाई काट्ने विषयमा ग्रामिण भेख , धर्मनिरपेक्ष घोषणा गरेर पनि। राजनीतिक मुलुक गणतन्त्र र ,तिर धेरै मुस्लिमहरूलाई जेल कोच्ने काम भएको छ दलहरूले गाईलाई राष्ट्रिय जनावर घोषणा गरेर गल्ति गरेका छन। नेपाल बहुधार्मिक देश होत्यसकारण कुनै ,* ('ङ' उत्तरदाता) *एउटा जातिको जनावरलाई राष्ट्रिय जनावर घोषणा गर्ने कार्यनै ठिक भएन।*

त्यसकारणछ कि के साँचैनै नेपाल धर्मनिरपेक्ष राज्य हो। राष्ट्रिय मानव अधिकार यो आफैमा विरोधाभास कुरो भएको , मानव अधिकार ,आयोग कर्मीहरू सबै चुपचाप छनवाछो काटेर खाएको निहुँमा । यो ,र दर्जनौं मानिसहरू अझै जेलमा छन , जो हिन्दु धर्म राज्यको कुरो गरिरहनु भएको छ। ,आफैमा हास्यासपद कुरो हो हिन्दु धर्वालम्बीहरू माझ पनि

अन्तमा के भन्न सकिन्छ भनेनेपाली राज्य ठालुहरूबाट बनेको छ । जनताको प ,ृरतिनिधित्वबाट राज्य कमै बनेको छ , सुरुकै दिन देखि। अपरिभाषित द्वन्द्व चलिरहेको छ सामुहिक अधिकार र ठालुवाद विच। यहाँ मार्कसवादको वर्ग संघर्सको विषयमाBentley's view विचारणीय भएको छ। उनका अनुसार मार्कसको विचार भनेको ) सामुहिक सिद्दान्त'group theory'(को काँचो स्वरुप )crude form' ,हो । उनको एउटा कुरो यहाँ मननीय रहेको छ (कथित सर्वहारावर्ग नहुनु वा ठुलो आवादी हिन्दु भएको ले 'न्त गलत साबित भै सकेक छ।भन्ने मार्कसको सिद्दा 'समुहगत ईच्छानुसार शक्ति हत्याउ' हिन्दु राष्ट्र वा राज्य हुनु पर्छ भन्ने कुरो सर्वहारा वर्गको अधिनायकत्व स्थापितगरेर सुशासन ल्याउँछौं भने जस्तै हो। बरु विभिन्न समुहहरु परम्परादेखिनै आदिवासीकृत राज्यसंघ टक्कर जो एकात्मक केन्द्री ,जनजातित्वले वाँधीएर आएका छन , वा राष्ट्रिय समस्याहरुको समाधान मात्र ए ,क्षेत्रीय ,त्यो सुल्झाउन पहिचान जनित संघीयता अपनाएर स्थानीय ,दिँदै आएउटा उपाय देखिन्छ।

# 6. सन्दर्भ सामग्री


**Ambedkar, Nagendra (April- June,**(1992). Political elites: theoretical perspectives, *The Indian Journal of Political Science*, Vol. 53(2), 253-276

**Awasthi, Gana D. and Rabindra Adhikari** (2012). Changes in Nepalese Civil Service after the adoption of inclusive policy and reform measures, (Kathmandu: Praticipatiory Constitution Building in Nepal (SPCBN)/UNDP)

**Anaya, James** (2000). Indigenous Peoples in International Law, (New York: Oxford University Press)

**Adhikari, Indra** (2013). Women in Nepalese Army, HarkaGurung Research Fellow, 2011-2013, Submitted to *Social Inclusion Research Fund*, SNV Netherlands Development Organization,

**Bakke, Kristin M. & Erik Wibbles** (2006). Diversity, disparity, and civil conflict in federal states.*World Politics*, Vol. 59(1), 1-50

**Basnet, Yurendra** (2009). From Politicization of Grievances to Political Violence: An Analysis of the Maoist Movement in Nepal, *Working Paper Series,* Development Studies Institute, London School of Economics and Political Science.

**Belkhir , Jean Ait and Bernice McNair Barnett** (2001). Race, Gender and Class Intersectionality, *Race, Gender & Class*, Vol. 8(3), 157-174

**Bentley, A. F.** (1908). *The Process of Government*. Evanston, Ill.: Principia Press.

**Boris, Eileen and Peter Bardaglio** (1983). The Transformation of Patriarchy: The Historic Role of the State. In *Families, Politics and Public Policy:A Feminist Dialogue on Women and the State*. Irene Diamond (ed.), 70-93. New York: Longman

**Burkert, Claire** (1997). Defining MaithilIdentity:Who is in charge? In David N. Gellner, Joanna Pfaf-Czarneeka, & John Whelpton (eds.) Nationalism and Ethnicity in a Hindu Kingdom, (Harwood Academic Publishers

**Burghart, R.** (1996). A quarrel in the language family: Agency and representation of Speech in Mithila (in Burkert, 1997).

**Bista, Dorbahadur** (1994). *Fatalism and development: Nepal's Struggle for modernization*. Calcutta: Orient Longman Limited

**Bose, Christine E.** (2012), Intersectionality and Global Gender Inequality, *Gender & Society,* Vol. 26 (1), 67-72

**Campbell, A.** (1969). On the tribes round Darjeeling.*Transactions of the Ethnological Society of London, 7(1869),* 144-159+333

**Central Bureau of Statics** (2012).*National Census-2012: A Summary Results*, (Kathmandu: CBS)

**Chemjong, I.S. (3rd edition** 1966).*History and Culture of the KiratPeople.*Phidim: Tumehang

**EU Election Observation Mission to Nepal,***Final Report on the Constituent Assembly Election 10 April, 2008*

**English, Richard (Feb.,**1985). Himalayan State Formation and the Impact of British Rule in the Nineteenth Century, *Mountain Research and Development*, Vol. 5(1),61-78

**Gellner, David N. (May 19-25,** 2007). Caste, Ethnicity and Inequality in Nepal, *Economic and Political Weekly*, Vol. 42(20), 1823-1828

**Gaige, Frederick H**. (1975).*Regionalism and National Unity in Nepal* (Berkeley: University of California Press)

**Gilbert, Kate** (1992). Women and Family Law in Modern Nepal: Statutory Rights and Social Implications. *Journal of International Law andPolitics,* Vol. 24(2), 729-758.

**Gilbert, Kate (**1993). *Legal Rights and Social Strategies: An Ethnographic History of Family Law in Modern Nepal*. Ph.D. diss., Yale University

**Guneratne, Arjun (August** 1998). Modernization, the state, and the construction of a Tharu identity in Nepal, The Journal of Asian Studies, Vol. 57 (3), 749-773.

**Gurung, H.** (1986), *Nature and Culture*, (Kathmandu: SarojaGurung)

**Gurung, H.** (2005). Dalit Context, *Occasional Papers in Sociology and Anthropology*, Vol. 9, 1-12.

**Gurung, M.D. (29 Oct,** 1977). Communist movement in Nepal, *Economic and Political Weekly*, Vol. 12(44), 1849-1852.

**Guru, Gopal** (2001).The Language of Dalit-Bahujan Political Discourse. In Ghanshyam Shah (ed.), *Dalit Identity and Politics*, (New Delhi: Sage Publications)

**Hachhetu, Krishna** (2007). *Madhesi Nationalism and Restructuring the Nepali State,* A paper presented at an international seminar on “Constitutionalism and Diversity in Nepal” Organized by Centre for Nepal and Asian Studies, TU. 22-24 August 2007Kathmandu, Nepal.

**Hagen, Susan** (2007). Creating a “New Nepal”: The Ethnic Dimension, Policy Studies 34 Washington: East-West Center

**Kymlicka, Will** (2005). *Multicultural Citizenship: A Liberal Theory of Minority Rights*, Clrendon Press Oxford.

**Hofer, Andras** (1979, 1stedi., 2004; 2nd edi. ). *The caste hierarchy and the state in Nepal: A study of the MulukiAin of 1854*. Kathmandu: Himal Books.

**Holmberg, David** (1989). *Order in paradox: Myth, ritual, and exchange among Nepal's Tamang*. Ithaca and London: Cornell University Press

**Hutt, Michael** (1993). Drafting the 1990 Constitution.In Michael Hutt (ed.), *Nepal in the Nineties,* (New Delhi: Oxford University Press)

**International Crisis Groups** (27 Octo. 2005). Nepal's Maoists: their aims, structure and strategy. Asia Report No. 104

- (2007). Nepal's Troubled Tarai Region, Asia Report No. 136

- (13 Jan, 2011). Nepal: Identity Politics and Federalism. Asia Report No. 199

- (18 August 2011). Nepal: From Two Armies to One. Asia Report No. 211

**Irvine, Janice M.** (1990). From Difference to Sameness: Gender Ideology in Sexual Science*, The Journal of Sex Research, Feminist Perspectives on Sexuality*. Part 1Vol. 27(1), 7-24

**Jamil, Ishtiaq and RameshworDangal** (2009).The state of bureaucratic representativeness and administrative culture in Nepal.*Contemporary South Asia,* Vol. 17(2),193-211

**Krauskopff, Gisele.** 1995. The Anthropology of the Tharus: An Annoted Bibliography. Kailash, Vol. 17(3&4)185-213

**Lawoti, Mahendra** (1914), KhaskandaiThulaDalharu, Kantipur Daily (Nepali)

Levine, Nancy E. (1987). Caste, state, and ethnic boundaries in Nepal, *The Journal of Asian Studies,*Vol.46(1), 71-88

**Limbu, Prem P.** (2007). *Inclusive representation of indigenous Nationalities in bureaucracy of Ilam, Research report*.Social Inclusive Research, Fund (SIRF) Apprenticeship Grant (Code No. SIRF/AG/06/01), SNV Nepal

**Mabuhang, Balkrishna** (2009). Federalism from ethno-demographic and linguistic perspectives, In D.B. Gurung (ed), *Towards a Federalized Democratic Nepal* (Kathmandu: Friends For Peace)

- (2012). After liberalism, Marxism- Leninism and Maoism what next 'ism' does Nepalese fate adhere to? *Contributions to Nepalese Studies, 39, (Special Issue),* 35-83

**Maiguashca, Bice (June,** 1994).*The role of ideas in a changing world order: the international indigenous movement1975-1990*, CERLAC Occasional Paper

**Manley, John F.** (1983). "Neo-Pluralism: A Class Analysis of Pluralism I and Pluralism II." The *American Political Science Review*, 77: 2, pp.368-383.

Nepal Federation of Nationalities (1991). The Constitution of NEFEN, (Kathmandu: NEEN)

**Nair, Janaki** (1996). *Women and Law in Colonial India: A Social History*. New Delhi: Kali for Women.

**NFDIN** (2003).National Foundation for Development of Indigenous Nationalities: An Introduction, (Kathmandu: NFDIN)

**Nepal Army,** 2009, Bhadrakali, Kathmandu. http://www.nepalarmy.mil.np/inclusiveness.php

**Paik, Shailaja** (2011). Mahar-Dalit-Buddhist: The history and politics of naming Maharastra, *Contributions to Indian Sociology*, Vol. 45(2), 217-241

**Pathak, Bishnu (24 Dec,** 2007). Nepal and Desire for Ethnic Autonomy, *Situation Update 58*, Conflict Study Center,

**Purkayastha, Bandana** (2012). Intersectionality in a Transnational World,*Gender& Society,* Vol.26 (1), 55-66

**Royal Nepal Academy,** (1084).*Nepali BrihatShabdakosh* (Kathmandu: Royal Nepal Academy)

**Sharma, P.R.** (2004). Introductory Remarks on The Caste Hierarchy and the State in Nepal, (Kathmandu: Himal Books)

**Sharma, Sudhindra** (2005). Hindu Kingdom and Secularism, In Marry Daison and PratyushOnta (eds.). *Sociological Thoughts in the Context of Nepal* (in Nepali Language), 447-475

**Sharma, Sudheer** (2002). *The Ethnic Dimension of the Maoist Janajati urgency*, unpublished report

**Shrestha, Balgopal** (1999). The Newars: The indigenous population of the Kathmandu valley in the modern state of Nepal. *Contributions to Nepalese Studies, 26(1),* 83-117

**Shrestha-Schipper, Satya** (2008-2009). Women's Participation in the People's War in Jumla. *European Bulletin of Himalayan Research* 33-34: 105-122

**Stiller, L. F.** (1968). *Prithivi Narayan Shah in the light of dibya-Upadesh (divinely Said).* Ranchi: The Catholic Press.

**TauliCorpoj, Vicky** (1999). Reclaiming Balance: Indigenous Peoples, Conflict Resolution & Sustainable Development, In Victoria Tauli-Corpuz&JojiCarino (eds.), (Philippines: Tebtebba Foundation)

**Tamang, Siera (June,** 2000). Legalizing state patriarchy in Nepal, *Studies in Nepali History and Society,* Vol. 5(1), 127-156

**The Carter Center, Observing Nepal's** 2008 Constituent Assembly Election

**Vollan, Kare** (2014), New **SPOTLIGHT** News Magazine, Wed. 22 Jan, 2014,

**Warren, Kay** (1998). Indigenous Movements and Their Critics. Princeton, NJ: Princeton University Press.

# स्थलगत अन्तरवार्ता लिइएका जानकार व्यक्तिहरूको पृष्ठभूमि

**उत्तरदाता 'क'**: उपप्राध्यापक, जनकपुर क्याम्पस, मानवअधिकार कर्मी, अंग्रजी विषयमा स्नातकोत्तर, मधेसी जनअधिकार, नेपाल फोरम निकट, उमेर 42, अन्तरवार्ता 10 डिसम्बर, 2013 (अन्तर्वार्ता समय, 30 मिनट)

**उत्तरदाता 'ख'**: माओवादी पार्टीको जनसरकारको अदालतको पूर्व न्यायधिस तथा सल्लाहकार, झापा, उमेर 55 वर्ष, अन्तर्वार्ता लिएको 6 डिसम्बार, 2013 (अन्तरवार्ता लिएको 30 मिनट)

**उत्तरदाता 'ग':** किसान २०१३ ,डिसम्वर ८उनीसंग अन्तरवार्ता लिएको ,वर्ष ६२उमेर ,लिम्बु जनजाति समुदायका , अन्)तरवार्ता समयावधी(मिनट ४५ :।

**उत्तरदाता 'घ'**: जिल्ला सचिव, नेकपा (एमाले), वाँके, उमेर 52; पूर्णकालिन नेता, अन्तर्वार्ता लिएको 20 डिसम्बर, 2013 (अन्तरवार्ता लिएको समय 46 मिनट)

**उत्तरदाता 'ङ':** मौलाना, पूर्व उपाध्यक्ष्य, नेपाल मुस्लिम संगठन; उपाध्याक्ष, धार्मिक सम्वाद समाज, उमेर 60; अन्तर्वार्ता लिएको 25 डिसम्बर, 2013 ( अन्तर्वार्ता लिएको समय 46 मिनट)

**उत्तरदाता 'च'**: मधेसी जनअधिकार फोरम, नेपाल धनुषाका नेता, उमेर ३९ वर्ष, अन्तरवार्ता 15 दिसम्बर, 2013 मा लिएको। अन्तर्वार्ता करिव 47 मिनट लिएको ।

**उत्तरदाता 'छ'**: पूर्व लडाकु, दलित महिला, नेकपा- माओवादी (वैद्दय समुह), उमेर 32; अन्तरवार्ता लिएको 7 डिसेम्बर, 2013 (अन्तरवार्ता लिएको समय 35 मिनट)

**उत्तरदाता 'ज':** थारु कल्याणकारिका नेता, बाँके जिल्ला; उपाध्यक्ष, जनजाति महासंघ बाँके, उमेर 37; अन्तरवार्ता लिएको 25 डिसम्बर, 2013 (समय 29 मिनट)

**उत्तरदाता 'झ'**: नेता, नेपाली काँग्रेस, बाँके; उमेर 34; अन्तरवार्ता लिएको 21 डिसेम्बर, 2013 ( समय 40 मिनट)

**उत्तरदाता 'ञ':** केन्द्रीय कमिटी, साँस्कृतिक विभाग, एकिकृत नेकपा (माओवादी), दलित; पूर्वशिक्षक, उमेर 65; मोरङ् जिल्ला; अन्तरवार्ता लिएको 7 डिसम्बर, 2013 (30 मिनट)

**उत्तरदाता 'ट'**: कमाण्डर, लिम्बुवान भोलेन्टियर्स; संघीय लिम्बुवान राज्य परिषद, उमेर 38; अन्तर्वार्ता लिएको, 7 डिसम्बर, 2013 (40 मिनट)